AP-Front Page-1-Weekends _CT.qxd 12/11/2009 11:16 PM Page 1


# अन्नपूर्ण पोष्ट

वर्ष ८, अंक २२० पृष्ठ १२+४+८

(जोमसोम र त्यसभन्दा पारि २ रुपैयाँ अतिरिक्त हवाईभाडा)
काठमाडौं र इटहरीबाट एकैसाथ प्रकाशित




साथमा आठ पृष्ठको फुर्सद





सस्तैमा समेटियो पाकिस्तान १४



स्वर्णउत्सव मनाउने बेलामा पारपाचुके ३

त्रिविका ६ हजार तीन सय ८९ विद्यार्थी दीक्षित ४



सहकारीलाई करमुक्त क्षेत्र घोषणा गर्न माग १२


काठमाडौं, शनिबार, २७ मंसिर २०६६ • पौष कृष्णपक्ष एकादशी, नेपाल संवत् ११३० Saturday, December 12, 2009 • www.annapurnapost.com

## संक्षेप

### प्रधानसेनापति गुरुङ भारत भ्रमणमा

**काठमाडौं :** प्रधानसेनापति छत्रमानसिंह गुरुङ भारतीय सेनाको निमन्त्रणामा शुक्रबार भारत प्रस्थान गरेका छन्। गुरुङ पुस ४ गते स्वदेश फर्कनेछन्। गुरुङलाई राष्ट्रपति प्रतिभा पाटिलद्वारा भारतीय सेनाको 'मानार्थ महारथी' पद प्रदान गरिनेछ।

**( थप समाचार पृष्ठ ४ मा )**

### दुर्घटनामा बेहुलीको मृत्यु, बेहुला घाइते

**धादिङ :** जन्ती बोकेको बा७च ३९७३ नम्बरको जिप बैरेनी गाविस ८ मच्छेडीखोलामा शुक्रबार दिउँसो दुर्घटनामा पर्दा बेहुलीको मृत्यु भएको छ। जिप किरान्चोक २ पाखुरेबाट दसरपुरतर्फ जाँदै थियो। दुर्घटनामा बेहुली कविता तामाङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ। उपचारका लागि काठमाडौं लैजाने क्रममा उनको मृत्यु भएको थियो। दुर्घटनामा बेहुला दीपक घलानसहित ३१ जना घाइते भएका छन्। घाइतेमध्ये सातजनाको अवस्था गम्भीर छ। घाइते सबैलाई उपचारका लागि काठमाडौं पठाइएको छ। जिपमा ३२ जना थिए।

### विदेशी विनिमयदर

| मुद्रा | एकाइ | खरिददर | बिक्रीदर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | ७४.२० | ७४.८० |
| युरो | १ | १०९.२४ | ११०.१३ |
| पाउन्ड स्टर्लिङ | १ | १२०.८४ | १२१.८२ |
| स्विस फ्रेंक | १ | ७२.२४ | ७२.८३ |

# माओवादीद्वारा कोचिला र लिम्बुवान गणराज्य घोषणा

गोविन्द छेत्री/सोमनाथ बास्तोला

**झापा/इटहरी,** २६ मंसिर : अन्य राजनीतिक दलहरूले विरोध गर्दागर्दै एकीकृत नेकपा माओवादीले शुक्रबार पूर्वाञ्चल विकास क्षेत्रमा दुईवटा स्वायत्त गणराज्य घोषणा गरेको छ। प्रधानसेनापति प्रकरणमा राष्ट्रपतिको कदम सच्याउनुपर्ने माग राखेर तेस्रो चरणको आन्दोलनमा उत्रिएको एकीकृत माओवादीले छुट्टाछुट्टै आमसभा गरी झापाको बिर्तामोडबाट कोचिला र तेह्रथुमको म्याङलुङबाट लिम्बुवान स्वायत्त गणराज्य घोषणा गरेको हो।

कोचिला स्वायत्त गणराज्यको प्रमुखमा सभासद् पूर्णसिं राजवंशी र लिम्बुवान स्वायत्त गणराज्यको प्रमुखमा श्रीप्रसाद जबेगुको नाम घोषणा गरिएको छ। माओवादीले घोषणा गरेको कोचिला स्वायत्त गणराज्यमा झापा, मोरङ र सुनसरी तथा लिम्बुवानमा तेह्रथुम, पाँचथर, इलाम, धनकुटा र ताप्लेजुङ जिल्ला समेटिएका छन्।

झापाको बिर्तामोडस्थित मुक्तिचोक परिसरमा कार्यकर्ता र जनता गरी १० हजारभन्दा बढीको उपस्थितिमा एकीकृत माओवादी स्थायी समितिका सदस्य नेत्रविक्रम चन्द 'विप्लव' ले कोचिला स्वायत्त गणराज्यको घोषणा गरे। उनले स्वायत्त गणराज्य स्थापना गर्ने नेपाली जनताको सपना साकार पार्दै कोचिला स्वायत्त गणराज्यको घोषणा गरिएको उद्घोष गरेका थिए।

नेता चन्दले स्वायत्त गणराज्य घोषणालाई संविधानसभाबाट अनुमोदन गराइने दाबी पनि गरे। उनले नेपाली कांग्रेस र एमालेले बाह्रबुँदे सम्झौता भंग गरेको आरोप लगाए।

यसैगरी तेह्रथुमको म्याङलुङमा आयोजित विशेष सभामा माओवादीका पोलिटब्युरो सदस्य सुरेश आलेमगरले लिम्बुवान स्वायत्त गणराज्यको घोषणा गरेका थिए। आलेले लिम्बुवान गणराज्यमा पाँच जिल्ला परे पनि त्यसको सीमांकन विज्ञसँगको छलफलपछि मात्र तय गरिने बताए। उनले माओवादीका मागलाई बेवास्ता गरिए समानान्तर सरकार सञ्चालन गर्ने चेतावनीसमेत दिए। आलेले गणराज्य घोषणाको कार्यक्रम अन्तरिम संविधानविपरीत नभएको दाबी गर्दै भने, 'हाम्रो गणराज्य घोषणाले संविधानसभालाई संघीय राज्य निर्माण गर्न थप बल पुग्नेछ।'

एकीकृत माओवादीले सयौं बस रिजर्भ गरेर जनता र कार्यकर्तालाई सभास्थलमा पुर्‍याएका थियो। झापा र तेह्रथुम जिल्ला प्रशासन कार्यालयले बिर्तामोड र म्याङलुङमा सुरक्षाव्यवस्था कडा पारेका थिए।

एकीकृत माओवादीभन्दा भिन्न मत राख्ने संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध लिम्बुवान राज्यपरिषद्ले शुक्रबार बिर्तामोडमै आमसभा राखे पनि कुनै अप्रिय घटना भने भएन। राज्यपरिषद्का अध्यक्ष कुमार लिङदेनले माओवादीले जथाभावी गणराज्य घोषणा गरेर लिम्बुवानको मागलाई बिथोल्न खोजेको बताए। कोचिला गणराज्य घोषणा सभादेखि करिब पाँच सय मिटरको दूरीमा राज्यपरिषद्ले आयोजना गरेको सभामा लिङदेनले माओवादीले झापा, मोरङ र सुनसरीलाई कोचिला स्वायत्त राज्य घोषणा गरेर लिम्बुवानको भावनामाथि कुठाराघात गरेको आरोप लगाए।

संघीय लिम्बुवान राज्यपरिषद्का महासचिव पदम अधिकारीले अन्तरिम संविधानको भावनाविपरीत माओवादीले गणराज्य घोषणा गरेर संविधानसभाको औचित्य समाप्त पारेको अन्नपूर्ण पोष्टसँग बताए। लिम्बुवान राज्यपरिषद्का नेता सन्जुहाङ पालुङ्वाले पनि माओवादीको गणराज्य घोषणालाई अराजनीतिक कृयाकलापको संज्ञा दिएका छन्।




तस्बिर : अन्नपूर्ण

तेह्रथुमको म्याङलुङस्थित सिंहवाहिनी उच्चमाविमा एकीकृत नेकपा माओवादीद्वारा आयोजित लिम्बुवान स्वायत्त गणराज्य घोषणासभा।

## राष्ट्रपति चिन्तित संविधानसभा ओझेलमा पर्ने खतरा



**काठमाडौं :** राष्ट्रपति डा. रामवरण यादवले संविधानसभा राज्य पुनर्संरचनामा क्रियाशील भइरहेकै बेला एकीकृत नेकपा माओवादीले गणराज्य घोषणा गरेकोमा गम्भीर चिन्ता प्रकट गरेका छन्। राष्ट्रपति डा. यादवले प्रधानमन्त्री माधवकुमार नेपाल–सँग यस्तो चिन्ता व्यक्त गरेका हुन्। उनलाई भेट्न प्रधानमन्त्री शुक्रबार राष्ट्रपतिभवन पुगेका थिए। माओवादीले शुक्रबार कोचिला र लिम्बुवान स्वायत्त गणराज्य घोषणा गरेको छ।

राष्ट्रपतिका प्रेससल्लाहकार राजेन्द्र दाहालका अनुसार राष्ट्रपतिले कुनै दलविशेषले एकलौटी रूपमा स्वायत्त गणराज्य घोषणा गर्दा संविधानसभा नै ओझेलमा त पर्ने होइन भन्दै चिन्ता प्रकट गरेका थिए। 'एउटा पार्टीले एकलौटी गणराज्य घोषणा गर्दा संविधानसभा नै ओझेलमा पर्ने त होइन भन्ने चिन्ता राष्ट्रपतिको थियो', दाहालले भने। उनका अनुसार माओवादीको गणराज्य घोषणा कार्यबाट प्रधानमन्त्री पनि चिन्तित छन्।

प्रधानमन्त्री नेपालका मुख्य सल्लाहकार रघु पन्तका अनुसार भेटमा राष्ट्रपतिले गणराज्य घोषणाप्रति चिन्ता प्रकट गर्दै सरकारका गतिविधिप्रति चासो राखेका थिए। राष्ट्रपतिले शान्ति–सम्झौताविपरीत गणराज्य घोषणा गरिएको कार्यप्रति अन्य राजनीतिक दलको दृष्टिकोण के छ भन्नेबारेमा चासो प्रकट गरेको स्रोतले बतायो।

प्रधानमन्त्री नेपालले गणराज्य घोषणा नगर्न आफूले माओवादीका अध्यक्ष प्रचण्डसँग पटकपटक अनुरोध गर्दा बेवास्ता भएको जानकारी गराएका थिए। प्रधानमन्त्री नेपालले माओवादीले एकातिर सहमतिका लागि वार्ता गरिरहेको र अर्कातिर शान्ति–सम्झौताविपरीत गणराज्य घोषणा गरेर दोहोरो चरित्र देखाएको पनि बताएका थिए।









# 'माओवादी नेता मार्ने षड्यन्त्र उत्कर्षमा'

अन्नपूर्ण समाचारदाता

**काठमाडौं,** २६ मंसिर : एकीकृत नेकपा माओवादीका अध्यक्ष प्रचण्डले आफ्नो पार्टीका केही नेताको हत्या गर्ने षड्यन्त्र उत्कर्षमा पुगेको दाबी गरेका छन्। उनका अनुसार यस्तो षड्यन्त्रमा 'केही मुठीभर राष्ट्रघाती र गद्दार' लागेका छन्। प्रचण्डले झन्डै एक वर्षअघि पनि यस्तै दाबी गरेका थिए।



अध्यक्ष प्रचण्ड

माओवादीको सशस्त्र विद्रोह सुरु भएदेखि विस्तृत शान्तिसम्झौता–सम्मका फोटो प्रदर्शनीको शुक्रबार काठमाडौंमा उद्घाटन गर्दै प्रचण्डले भने, 'माओवादीका नेताहरूलाई मार्ने, दुर्घटना गराउने षड्यन्त्र भइराखेकै थियो। अहिले त्यसलाई उनीहरूले उत्कर्षमा पुर्‍याएका छन् भन्ने थाहा पाएको छु। हामी एकदुईजना नेता मारिएछौं भने तीन करोड जनता जुरुक्कै उठ्नेछन् र षड्यन्त्रकारीलाई सखाप पार्नेछन्। दुईचार गद्दारको षड्यन्त्र वा अपराधले नेपाली जनताको विजय–यात्रा रोकिँदैन।'

प्रधानमन्त्री हुँदा आफूलाई बालुवाटारमा मार्ने षड्यन्त्र भएको पुनः दोहोर्‍याउँदै प्रचण्डले भने, 'रोल्पा, रुकुमका ट्रेन्चमा बस्दाको मोर्चाभन्दा मलाई बालुवाटारको मोर्चा भयानक लाग्यो।' तत्कालीन प्रधानसेनापति रुक्मांगद कटवालप्रति लक्षित गर्दै उनले भने, 'एकैदिन माओवादी सिध्याइदिन्छु भन्दै एउटा मान्छे हिँडेको छ। प्रधानमन्त्री हुँदा त्यो मान्छेसँग झगडा पर्‍यो। नेपालमा यस्ता अपराधी कुरा गर्ने एकदुईजना मान्छे अझै छन्।'

एउटा राइफल र पाँच दर्जन होलटाइमर नेताकार्यकर्ताले सशस्त्र युद्ध सुरु गरेको स्मरण गर्दै अध्यक्ष प्रचण्डले अहिले आफ्नो दलको स्थिति धेरै बलियो रहेको दाबी गरे। उनले भने, 'माओवादीलाई लल्कार्ने भुल कुनै विदेशी प्रभुको इसारामा कसैले नगरून्, त्यसो गरेमा उनीहरूको ज्ञानेन्द्रको भन्दा धेरै गएगुज्रेको अवस्था हुनेछ। यो धम्की होइन, इतिहासको वास्तविकता हो।'

पूर्वप्रधानमन्त्री प्रचण्डले नेपालका राजनीतिक दलहरूलाई विदेशी शक्तिहरूले फुटाउने गरेको आरोप लगाए। उनले भने, 'नेपालका राजनीतिक दलहरूलाई फुटाउने काम केही अन्तर्राष्ट्रिय माफिया र गिरोहले गर्दारहेछन्। यसका लागि कस्ताकस्ता षड्यन्त्र र नाटक हुन्छन् भन्ने कुरा मैले कुनै दिन बमन गर्नेछु।'






# हिमाल जोगाउन कोपनहेगनमा र्‍याली

पिताम्बर सिग्देल

**संसद्भवन ( डेनमार्क ),** २६ मंसिर: जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन चलिरहेका बेला नेपालले कोपनहेगनमा शुक्रबार र्‍याली प्रदर्शन गरेको छ। 'नेपालका हिमाल बचाऊ' भन्ने नारा लेखिएका प्लेकार्डसहित नेपालको राष्ट्रिय झन्डा फहराउँदै निकालिएको र्‍यालीमा नेपाली गीत पनि बजाइएको थियो।

जलवायु परिवर्तनले हिमशृंखलामा पारेको असरबारे विश्वको ध्यान तान्न नेपालले र्‍याली प्रदर्शन गरेको हो। र्‍यालीमा नेपाली र विदेशी पर्वतारोही, नेपालका सरकारी अधिकारी, नेपाललाई माया गर्ने डेनिस जनता र अन्य विदेशी सहभागी थिए। संसद्भवन छेउबाट सुरु भएको र्‍यालीले दुई घन्टासम्म कोपनहेगनका विभिन्न भाग परिक्रमा गरेको थियो।

र्‍यालीमा बन तथा भूसंरक्षणमन्त्री दीपक बोहोरा, वातावरणमन्त्री ठाकुर शर्मा, अर्थमन्त्री सुरेन्द्र पाण्डे, पर्यटनमन्त्री शरद्सिंह भण्डारी र संस्कृतिमन्त्री मिनेन्द रिजाल पनि सहभागी थिए। विश्वको सर्वोच्च शिखर सगरमाथा १९ पटकसम्म चढेका आप्पा शेर्पा, सबैभन्दा वृद्ध आरोही मीनबहादुर शेरचन, हिउँचितुवा आङरिता शेर्पा, महिला आरोहीलगायत सहभागी र्‍यालीलाई यहाँका बासिन्दाले उत्सुकतापूर्वक सडक किनारबाट अवलोकन गरेका थिए।

जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन भइरहेको अवसरा पारेर नेपाल सरकारले हिमाल जोगाउन संसारको ध्यानाकर्षण गर्न र्‍याली निकालेको वातावरणमन्त्री शर्माले बताए। कीर्तिमानी आरोही आप्पाका अनुसार नेपालले निकालेको र्‍यालीले संसारलाई हिमाल जोगाउनुपर्छ भन्ने सन्देश दिएको छ। बनमन्त्री बोहोराले भने, 'हाम्रो हिमाल बचाऊ जुलुसले संसारको ध्यान खिचेको छ।'

हिउँ पग्लिने क्रम नरोकिए अबको ५० वर्षभित्रमा सगरमाथामा हिउँ देख्न मुस्किल पर्ने चेतावनी विज्ञ दिँदै छन्। जलवायु परिवर्तनको असरलाई दृष्टिगत गरी तयार पारिएको खतराको सूचीमा नेपाल छैटौं स्थानमा परेको छ। नेपालका २४ वटा हिमताल फुट्ने खतरामा छन्।




तस्बिर : अन्नपूर्ण

नेपालका हिमशृंखला जोगाउन डेनमार्कको राजधानी कोपनहेगनमा शुक्रबार निकालिएको र्‍याली।